## के त्रिएकत्वलाई पदानुक्रममा मिलाएर राखेको हो? पुरूष अनि स्त्री हो?

मुख्य शब्द

**वरिपरि घुम्ने वा आपसी बसाई**

**होइन, एकदमै होइन!** पिता, पुत्र र पवित्र आत्मा, हरेक तरिकामा सिद्ध, अधिकार, शक्ति वा इच्छाको स्तरमा फरक हुनुहुन्न। त्रिएकत्व एक श्रेणीबद्ध पदानुक्रम होइन। बरू, त्रिएक परमेश्वले गुण र कार्यहरूमा पारस्पारिक र सिद्धरूपमा साझादारी गर्नुहुन्छ। यूहन्ना १४:१६, २३ र २६ हेर्नुहोस्।

"...र म **पितासँग** बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। ...जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र **हामी त्यसकहाँ** आउनेछौं, र **त्यससँग वास गर्नेछौं**। ...तर सल्लाहकार, अर्थात **पवित्र आत्मा,** जसलाई पिताले मेरो नाउँमा पठाउनुहेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ।"

**एरियन झूटा शिक्षाहरू आधुनिक संसारमा पुनःदेखा पर्छन्।**

चौथो शताब्दीमा, इजिप्टको अलेक्जान्ड्रियाका पुजारी एरियसले परमेश्वर पिताले पुत्र येशूलाई सृष्टि गर्नुभएको हो भन्ने विश्वासलाई बढावा दिए। एरियसले भने, एक समय थियो जब उहाँ (येशू) हुनुहुन्थिएन। यस खराब शिक्षाले ख्रीष्टियन विश्वासलाई प्रदूषित नगरोस् भनेर, चर्चले त्रिएकत्व सिद्धान्तलाई स्पष्ट गर्न नाइसिया (३२५ ईश्वी) परिषद र कन्स्टान्टिनोपलमा (३८१ ईश्वी)भेला बसे।* आज केही इभान्जेलिकल ईश्वारशास्त्रीहरू र अगुवाहरू आंशिक रूपमा एरियसको विश्वास प्रणालीमा फसेका छन्। जब कि तिनीहरू सही रूपमा येशू अनन्त हुनुहुन्छ भन्ने विश्वास गर्छन्, *तिनीहरूले पिता र पुत्रको अधिकारको स्तरहरू फरक छन् भनेर प्रचार गर्छन्।* तिनीहरू भन्छन्, "पिताले आज्ञा दिन्छन्, पुत्रले पालन गर्दछ।" यो दृष्टिकोणले पिताको सर्वोच्चतामा एरियसको शिक्षा केन्द्रित भएको देखाउँछ। तिनीहरूले गल्तीले येशूको अवतारको सीमिततालाई लिएर अनन्तको त्रिएकत्वमाथि अक्रमण गर्छ। यो त्रिएकत्व बारे खराब ईश्वरशास्त्रले धेरै जनालाई पुरूष र स्त्रीहरू बीचको निश्चित पदानुक्रम "समान तर फरक"लाई न्यायसंगत तुल्याउन तिर डोऱ्याउँदछ।

## पेरिकोरेसिस *(PERICHORESIS)* = वरिपरि घुम्ने वा आपसी बसाई

**यो पागल शब्दको अर्थ के हो?**

सुरूको चर्चले एरियन झूटा शिक्षकसँग लड्न र त्रिएकत्व सम्बन्धहरूलाई स्पष्ट पार्न प्रयोग गरेको एउटा शब्द पेरिकोरेसिस थियो। (पेरी=वरिपरि, कोरेसिस = घुमाउने, वा आपसी बसाई पनि) पेरिकोरेसिस भनेको त्रिएकत्वको कुनै पनि व्यक्तिले अन्य व्यक्तिहरूबाट स्वतन्त्ररूपमा काम गर्दैन। जब पुत्रले काम गर्नुहुन्छ, पिता र आत्माले पनि काम गर्नुहन्छ। जब पिताले काम गर्नुहुन्छ, पुत्र र पवित्र आत्माले पनि काम गर्नुहुन्छ। जब पवित्र आत्माले काम गर्नुहुन्छ, पिता र पुत्रले पनि काम गर्नुहुन्छ। येशूले भन्नुभयो, "जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ।" येशूले पेन्तिकोसको बारेमा वर्णन गर्नुभयो जब पवित्र आत्मा विश्वासीहरूमा बास गर्न आउनुभयो। त्यही समयमा, पिता र पुत्र पनि *हाम्रो बास्थान बनाउन आउनुहुन्छ।* सृष्टि, क्रुस र पेन्तिकोसको हरेक परमेश्वरीय काममा त्रिएकत्वका तीन व्यक्तिहरू समावेश छन्।

पेरिकोरेसिसको अर्थ यो पनि हुन सक्छ कि हामीले ट्रिनिटिको एक व्यक्तिमा भएको कुनै पनि चरित्र विशेषता वा मनोवृत्ति अन्य व्यक्तिहरूको लागि सहि हुनुपर्छ। त्यसोभए, यदि हामीले येशूलाई प्रेमिलो, निको पार्ने, क्षमा दिने व्यक्तिको रूपमा देख्छौं भने, पिता र पवित्र आत्मालाई पनि त्यही रूपमा पाउँदछौं। त्यसैगरी, जब येशुले नम्रतापूर्वक सर्म्पण गर्नुहुन्छ र आफैलाई सुम्पिनुहुन्छ, तब हामी जान्दछौं कि पिता र पवित्र आत्माले पनि नम्रतापूर्वक सर्म्पण गर्नुहुन्छ र आफैलाई सुम्पिनुहुन्छ।

## निष्कर्ष

पिता, पुत्र र पवित्र आत्माले अनन्त रूपमा शक्ति र अख्तियार दिनुहुन्छ, कोही सानो वा कोही ठूलो छैन। परमेश्वरलाई एक निश्चित, अनन्त पदानुक्रममा श्रेणीबद्ध गरिएको छैन। त्यसैगरी, पुरूष र स्त्रीलाई निश्चित पदानुक्रममा वर्गीकरण गरिनु हुँदैन।

*** सुरूका का चर्चको विश्वास र त्रिएकत्व**

**नाइसिया–कन्स्टयन्टिनोपल** "...हामी विश्वास गर्दछौं एक प्रभु येशू ख्रीष्टमाथि परमेश्वरको एक्ले पुत्र, पिताबाट अनन्त रूपले जन्मिनुभएको, साँचो परमेश्वरकाबाट आउँनुभएको साँचो परमेश्वर, पितासित एउटै स्वभाव हुनुभएको...।"

**एथेनासियन**– "कोही अघि वा पछि, कुनै ठूलो वा सानो छैन।" थप अनुसन्धान गर्न – फादर क्यापाडोसियन(Cappadocian Fathers)

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वरको** चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिसको** बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?